# कोरोनाभाइरस प्रतिरोधी खोपसम्बन्धी जानकारी

**ताकेदा／मोडर्ना कम्पनीद्वारा उत्पादित**

**कोरोनाभाइरस खोपवारे**

यो खोप, केन्द्रीय सरकार र स्थानीय सरकारद्वारा सञ्चालित नोवल कोरोनाभाइरस (SARS-CoV-2) खोप कार्यक्रम अन्तरगत लगाइने हो। यस खोपको शुल्क सरकारद्वारा व्यहोरिनेछ । साथै, १८ वर्ष वा सोभन्दा माथिको उमेरसमुहका व्यक्तिहरूले यो खोप लिन सक्नेछन्।

**खोपको प्रभाव र लगाइने तरिका**

यसपटक लगाइने खोप ताकेदा／मोडर्ना कम्पनीद्वारा उत्पादित भ्याक्सिन हुनेछ र यसले कोरोनाभाइरस सङ्क्रमण हुनबाट रोकथाम गर्छ।

यो खोप लिएका व्यक्तिहरूमा खोप नलिएका व्यक्तिहरूको तुलनामा कोरोनाभाइरस सङ्क्रमण दर निकै कम हुन्छ भन्ने थाहा हुन आएको छ। (सङ्क्रमण रोकथाम गर्ने प्रभावकारिता लगभग ९४% हुन्छ भन्ने प्रतिवेदन आएको छ।)

| | |
|---|---|
| खोपको विक्रिवितरण नाम | COVID-19 भ्याक्सिन मोडर्ना इन्ट्रामस्कुलर इन्जेक्सन® |
| असर तथा प्रभाव | SARS-CoV-2 द्वारा हुने सङ्क्रमणको रोकथाम |
| खोप सङ्ख्या तथा अन्तराल | २ पटक (साधारणतया, ४ हप्ताकोअन्तराल) ＊मांशपेशीमा लगाइने खोप |
| खोप लगाइने व्यक्ति वा समूह | १८ वर्ष वा सोभन्दा माथिको उमेर समुह (१८ वर्ष उमेर नपुगेका व्यक्तिका लागि प्रभावकारिता तथा सुरक्षा सम्वन्धी हालसम्म प्रष्ट हुन आएको छैन।) |
| खोपको मात्रा | १ पटकमा ०.५ मिलिलिटर कुल २ पटक |

- १ पटक खोप लगाएपछि साधारणतया ४ हप्ताको अन्तरालमा दोस्रो पटकको खोप लिनुहोस्। (खोप लगाएपछि ४ हप्ता पुरा भएको खण्डमा सकेसम्म चाँडो दोस्रो खोप लिनुहोस्।)
- पहिलो पटक यो खोप लगाउनुभएको छ भने दोस्रो पटक पनि यहि खोप लगाउनु होस्।
- क्लिनिकल परीक्षणमा, यस खोपबाट पर्याप्त रूपमा प्रतिरोधात्मक क्षमताको निश्चय गर्न सकिएको अवधि, दोस्रो पटकको खोप लगाएको १४ दिन वा सोभन्दा पछि हो। हालसम्ममा, सङ्क्रमण रोकथामको प्रभाव प्रष्ट हुन आएको छैन। खोप लगाएपनि यथोचित रूपमा सङ्क्रमण रोकथामको उपाय अपनाउन आवश्यक हुन्छ।

**प्रतिरोधको खोप लिन नसक्ने व्यक्ति**

तपशिलका व्यक्तिहरूले यो खोप लिन सक्ने छैनन्। कुनै बुँदा मेल खान्छ भन्ने लागेको खण्डमा, अनिवार्य रूपमा खोप लिनुभन्दा अगाडि गरिने जाँचको बेला चिकित्सकलाई जानकारी दिनुहोस्।

- ज्वरो आएको स्पष्ट भएको खण्डमा (＊१)
- गम्भीर किसिमका आकस्मिक रोग लागेका व्यक्ति
- यस खोपमा समावेस तत्वप्रति विगतमा गम्भीर संवेदनशीलता (＊२) देखिएका व्यक्ति
- तल उल्लेखित बाहेक, प्रतिरोधी खोप लिनका लागि प्रतिकूल अवस्थामा रहेका व्यक्ति

(＊१) स्पष्ट रूपमा आएको ज्वरो भन्नाले साधारणतया ३७.५℃ वा सोभन्दा बढि तापक्रम भन्ने हो। यद्यपि, ३७.५℃ भन्दा कम तापक्रम भएको खण्डमा पनि नियमित तापक्रमको तुलनामा ज्वरो आएको भनि प्रमाणित भएमा सोहि बमोजिम हुनेछ।

(＊२) आनाफिराक्सी तथा सम्पूर्ण शरीरको छाला तथा म्युकसमेम्ब्रेनको लक्षण, दम, सास फेर्न गाह्रो हुने, मुटुको धडकन छिटो चल्ने, रक्तचापमा कमी आदि आनाफिराक्सीको आशंका हुने खालका बहुलक्षणहरू।

**प्रतिरोधी खोप लिनुभन्दा अगाडि सावधान हुन आवश्यक व्यक्ति**

तपशिलका व्यक्तिहरूले यो खोप लिँदा सावधान हुन आवश्यक छ। कुनै बुँदा मेल खान्छ भन्ने लागेको खण्डमा, अनिवार्य रूपमा खोप लिनुभन्दा अगाडि गरिने जाँचको बेला चिकित्सकलाई जानकारी दिनुहोस्।

- रगत जम्नेविरुद्धको औषधी खाइरहेका व्यक्ति, प्लेटलेट्सको कमी हुने लक्षण अथवा, रगत जम्नमा समस्या हुने लक्षण भएका व्यक्ति
- विगतमा रोग प्रतिरोधात्मक क्षमताको कमि भनी किटान गरिएका व्यक्ति, परिवार तथा नातेदारमा जन्मजात रोग प्रतिरोधात्मक क्षमतामा विफलता भएका व्यक्ति।
- मुटु, मृगौला, कलेजो, रगतका रोग तथा वृद्धिविकासमा समस्या देखिएका व्यक्ति आदि शरीरमा मुलरोग भएका व्यक्ति।
- विगतमा प्रतिरोधात्मक खोपलिएको २ दिनभित्र ज्वरो आएको तथा सम्पूर्ण शरीरमा रातो दाग आदि जस्ता एलर्जीको आशंका रहेको लक्षण देखापरेका व्यक्ति।

- विगतमा शरीरमा ऐँठन आएका व्यक्ति ।
- यस खोपमा समावेस तत्वप्रति एलर्जीको लक्षण देखापर्ने डर भएका व्यक्ति ।

गर्भवती अथवा गर्भ रहेको सम्भावना भएका व्यक्ति, स्तनपान गराइरहेका व्यक्ति, खोप लिनुभन्दा अगाडिको जाँचमा अनिवार्य रूपमा चिकित्सकलाई जानकारी दिनुहोस् ।

यस खोपमा हालसम्म प्रयोग नगरेको औषधी समावेश गरिएको छ । विगतमा, औषधीको कारणले संवेदनशीलता तथा एलर्जी देखा परेका व्यक्तिले, खोप लिनुभन्दा अगाडिको जाँचमा अनिवार्य रूपमा चिकित्सकलाई जानकारी दिनुहोस् ।

**(पछाडि पल्टाउनुहोस्)**

**खोप लिएपछि ध्यान दिनुपर्ने बुँदाहरू**

- यो खोप लिएपछि १५ मिनेट वा सोभन्दा बढि (विगतमा आनाफिराक्सी समेत गम्भीर एलर्जीको लक्षण देखा परेका व्यक्ति तथा वाकवाक लाग्ने र बेहोस हुनेजस्ता अनुभव भएकाहरूले ३० मिनेट वा सोभन्दा बढि) खोप लिएको स्वास्थ्य संस्थामा पर्खेर बसी, शरीरमा कुनै असाधारण अवस्थाको अनुभव भएको खण्डमा, तुरुन्त चिकित्सकलाई खबर गर्नुहोस् । (अकस्मात देखापर्ने असरको उपचार गर्न सकिन्छ ।)
- सुइले घोचेको भाग सफा राख्नुहोस् खोप लिएको दिनमा बाथटबमा नुहाउन सकिन्छ तर सुइ लगाएको भागमा नमाड्नुहोस् ।
- नियमित तरिकाले दिन बिताउन सकिन्छ तर ज्यादा कसरत तथा अधिक मदिरा सेवन नगर्नुहोस् ।

**खोपको असरका बारेमा**

प्रमुख असरमा, सुइले घोचेको भाग दुख्ने (*), टाउको दुख्ने, जोर्नी तथा मांशपेशी दुख्ने, आलस्य हुने, जाडो हुने, ज्वरो आउने आदि हुन्छन् । साथै, विरलै देखा पर्नसक्ने असरको रूपमा रक्त सञ्चार प्रणालीको गम्भीर विफलताको सक हुने तथा आनाफिराक्सी रहेको छ । यसका साथै, यो नयाँ किसिमको खोप भएको हुनाले, हालसम्म पत्ता नलागेको लक्षण देखापर्ने पनि हुन सक्छ । खोप लगाएपछि शङ्कास्पद लक्षण भनी मानिएको खण्डमा खोप लगाउने चिकित्सक अथवा पारिवारिक चिकित्सककहाँ परामर्श गरौं ।

(*) धेरैले खोप लगाएको दिनभन्दा पनि त्यसको भोलिपल्ट दुखाइ अनुभव गर्छन् । खोप लगाएको १ हप्ताजति बितेपछि, दुखाइ तथा सुन्निने आदि हुन पनि सक्छ ।

**प्रतिरोधी खोपका कारण स्वास्थ्यमा पर्नजाने असरप्रतिको राहत प्रणालीका बारेमा**

प्रतिरोधी खोपले स्वास्थ्य समस्या (बिरामीहुने वा दीर्घकालीन असर रहिरहने) निम्त्याउन सक्छ । अत्यन्त विरलै हुन्छ तर पूर्णरूपमा असरविहिन बनाउन नसकिने हुनाले राहत प्रणालीको व्यवस्था गरिएको छ ।

नोवल कोरोनाभाइरसको प्रतिरोधी खोपका कारण स्वास्थ्य समस्या उत्पन्न भएको खण्डमा, प्रतिरोधी खोप ऐन अन्तर्गत राहत (उपचार शुल्क, अशक्त पेन्सन रकम आदि) मिल्नेछ। आवेदनका लागि आवश्यक प्रक्रियाको बारेमा बसाइ दर्ता रहेको नगर, टोल तथा गाउँको कार्यालयमा परामर्श गर्नुहोस् ।

---

**नोवल कोरोनाभाइरस सङ्क्रमणका बारेमा**

SARS-CoV-2 को सङ्क्रमण भएको खण्डमा, ज्वरो तथा खोकी जस्ता सामान्य रुघाको लक्षण देखिन्छ । धेरै व्यक्तिहरूमा यस्ता हल्का लक्षणहरू आफैं निको हुने भएपनि, गम्भीर हुन गएमा, सास फेर्न गाह्रो हुने आदिजस्ता निमोनियाको लक्षण बिग्रन गई मृत्यु पनि हुन सक्छ।

**यसपटक लगाउने नोवल कोरोनाभाइरसको खोप (ताकेदा／मोडर्ना कम्पनीद्वारा उत्पादित) को विशेषता**

यस औषधी मेसेन्जर RNA(mRNA) भ्याक्सिन हो र SARS-CoV-2 को स्पाइकप्रोटिनको (भाइरसले मानवशरीरमा प्रवेश गर्नका लागि आवश्यक प्रोटिन) फर्मुलेसनको रूपमा mRNAलाई लिपिड झिल्लीमा समेटिएको औषधी हो । यस औषधीको खोपद्वारा mRNA मानव कोषभित्र प्रवेश गराइसके पछि, यस mRNAको आधारमा कोषभित्र भाइरसको स्पाइक प्रोटिनको निर्माण हुन्छ र स्पाइक प्रोटिनलाई निस्तेज पार्ने एन्टिबडि एवम कोषिका मध्यस्थ प्रतिरोधात्मक प्रतिक्रियालाई जाग्न प्रेरित गर्नाले SARS-CoV-2को सङ्क्रमणको रोकथाम गर्न सकिने भनी ठानिएको छ ।

यस औषधीमा निम्न तत्वहरू समावेश गरिएका छन्

| | |
|---|---|
| प्रभावकारी तत्वहरू | ✧ CX-024414 (मानवकोषको झिल्लीमा समाहित हुने स्पाइक प्रोटिनको पूरा कोड गर्ने mRNA) |
| समावेश गरिएका तत्वहरू | ✧ SM-102 : Heptadecan-9-yl 8-((2-hydroxyethyl) (6-oxo-6-(undecyloxy) hexyl) amino) octanoate)<br>✧ Cholesterol<br>✧ DSPC : 1,2-Distearoyl-sn-Glycero-3-Phosphocholine<br>✧ 1,2-dimyristoyl-rac-glycero-3-methoxypolyethylene glycol-2000 (PEG 2000-DMG)<br>✧ Trometamol<br>✧ Trometamol hydrochloride<br>✧ Glacial acetic acid<br>✧ Sodium acetate hydrate<br>✧ Sucrose |

नोवल कोरोनाभाइरसवारे विस्तृत जानकारीका लागि स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको होमपेज हेर्नुहोस् ।

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय | सर्च

होमपेज हेर्न नसकेको खण्डमा, बसाइ गर्नुहुने नगर, टोल वा गाउँ आदिको कार्यालयमा परामर्श गर्नुहोस्।